# वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिती : २०८२/०१/३१**

**श्री शेयरधनी महानुभावहरु ।**

मिति २०८२ साल वैशाख महिनाको २८ गते बसेको यस **दिव्यश्वरी हाईड्रोपावर लिमिटेड**को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को संयुक्त वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा सस्थापक तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**

**वार्षिक साधारण सभा हुने मिति** : २०८२।०२।२२ गते बिहीबार ।

**समय** : बिहान ११:३० बजे

**स्थान** : अन्नपुर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, पुरानो बानेश्वर, काठमाण्डौ ।

**२. छलफलका विषय**

**(क) साधारण प्रस्तावहरु**

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।

(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) सञ्चालक समितिमा रिक्त रहेको सचालक र स्वतन्त्र सचालकको नियुक्ती तथा अनुमोदन सम्वन्धमा ।

(६) विविध ।

**(ख) विशेष प्रस्तावहरु**

(१) कम्पनीको चुक्ता पुंजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्ने र सो सम्बन्धमा सम्पुर्ण कार्य गर्न गराउन सचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्दा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक सशोधन गर्ने सम्वन्धमा ।

(३) कम्पनीको संघियता बमोजिमको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा सशोधन गर्ने सम्वन्धमा ।

(४) कम्पनीले समान उद्देश्य भएका अन्य इच्छुक कम्पनीसग मर्जर प्राप्ती सम्वन्धी सम्झौता गर्ने र उक्त कार्यका लागि सचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(५) कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) सग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी सशोधन सर्म्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक सशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

१ यस कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्वन्धमा ।

**वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरु**

१ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०२/०८ गतेका दिन कम्पनीको शेयर धनि दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०२/०७ गतेका दिनसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन ।

२ वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयर धनहरु महानुभावहरु लाई आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भई त्यंहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सचालन रहेसम्म खुल्ला रहने छ ।

३ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्ट्रर्ड कार्यालय,का. म. न. पा. वडा न. ३४, पुरानोवानेश्वर काठमाडौमा दर्ता गरिसक्नु पर्नेछ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय पुरानोबानेश्वर काठमाडौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

५ शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा सचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।

६ सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको पुरानोबानेश्वर स्थित रजिष्ट्रर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

७ सरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर धनि दर्ता किनाबमा सरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर धनि दर्ता कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठन संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

८ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, शेयरधनीको विवरण, शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा. वडा न. ३४, पुरानो वानेश्वर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई बी एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**